# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सीप वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण विनियमावली, २०४९

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले देहायका विनियमहरु बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी विनियमहरुको नाम "प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सीप वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण विनियमावली, २०४९" रहेकोछ ।

(२) यी विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,-

(क) "ऐन" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली, २०४६ सम्झनु पर्छ ।

(ग) "सीप" भन्नाले विनियम ३ मा उल्लेखित सीप सम्झनु पर्छ ।

(घ) "परीक्षण समिति" भन्नाले नियमावलीको नियम ४.१ बमोजिम गठित राष्ट्रिय सीप परीक्षण समिति सम्झनु पर्छ ।

(ङ) "राष्ट्रिय सीप प्रमाणीकरण" भन्नाले कुनै पेशा, व्यवसाय वा सेवामा गरिने कामको स्तरको विश्लेषण गरी तयार पारिएको सीप स्तर निर्धारण गर्ने पुस्तिका सम्झनु पर्छ ।

(च) "प्राविधिक उपसमिति" भन्नाले विनियम ५ बमोजिम गठित प्राविधिक उपसमिति सम्झनु पर्छ ।

(छ) "सदस्य-सचिव" भन्नाले परीक्षण समितिको सदस्य-सचिव सम्झनु पर्छ ।

(झ) "परिषद् कार्यालय" भन्नाले परिषद्को केन्द्रीय कार्यालय सम्झनु पर्छ ।

## परिच्छेद -२

## सीपको वर्गीकरण तथा सीप प्रमाणीका

३. **सीपको वर्गीकरणः** (१) विभिन्न प्राविधिक तथा व्यावसायिक वा जीविकोपयोगी पेशा, व्यवसाय वा सेवा स्तरीय तथा सन्तोषजनक ढंगबाट परिचालन गर्न गराउनको निम्ति चाहिने आधारभूत वा अपेक्षित सीप, दक्षता वा कौशलको स्तरको वर्गीकरण देहाय बमोजिम चार तहमा विभाजन गरिनेछः-

(क) **सीप तह एक (सीमित स्तर सीपमा दक्ष):** यस तहका प्राविधिज्ञसँग सीमित तर उपयोगी सीप हुनेछ । यस्ता प्राविधिज्ञहरुले आफू भन्दा माथिका प्राविधिज्ञहरुको प्रत्यक्ष सुपरिवेक्षण तथा निर्देशनमा रही आफूलाई सुम्पिएका कामहरु गर्नेछन् ।

(ख) **सीप तह दुई (सामान्य स्तर सीपमा दक्ष):** यस तहका प्राविधिज्ञहरुले प्रयोगात्मक कार्यहरु तोकिएको स्तरमा दक्षताका साथ सम्पन्न गर्न सक्दछन् । यस्ता प्राविधिज्ञहरुको निर्णय गर्ने क्षमता तथा सैद्धान्तिक ज्ञान कार्यतालिकामा उल्लेख गरिए बमोजिम सीमित हुनेछ । यस तहभित्र पर्ने प्राविधिज्ञहरुले गर्ने कार्यहरु पूर्ण प्रयोगात्मक किसिमका हुने हुनाले यिनीहरुको सीप हाते औजार, मेशिन तथा त्यस्तै अन्य सामग्रीको प्रयोग गर्नमा मात्र सीमित रहनेछ ।

(ग) **सीप तह तीन (मध्यम स्तर सीपमा दक्ष):** यस तहका प्राविधिज्ञहरुसँग उच्च एवं फराकिलो दायराको सीप हुनेछ । यस्ता प्राविधिज्ञहरुसँग आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा उठेका समस्याहरु समाधान गर्ने, आवश्यक निर्णयहरु लिन सक्ने र आफू मातहतका प्राविधिज्ञहरुलाई निर्देशन तथा सरसल्लाह दिन सक्ने क्षमता समेत रहनेछ । यस तहभित्र पर्ने प्राविधिज्ञहरुले आफ्नो सीप तथा ज्ञानबाट औजार, सरमामाग्री र मेशिनहरु छान्न र आवश्यक अन्य कार्यहरु गर्न सक्नेछन् ।

(घ) **सीप तह चार (उच्च स्तर सीपमा दक्ष):** यस तहका प्राविधिज्ञहरुले पेशागत सीप तथा प्राविधिक ज्ञानलाई तक्निकी रुपमा रुपान्तर गरी कार्य क्षेत्रमा उतार्न सक्ने, निर्देशन तथा नेतृत्व दिने, सुपरिवेक्षण गर्ने तथा विभिन्न समूहगत कार्यहरुको संयोजन गर्ने गर्दछन् । यस तहभित्र पर्ने प्राविधिज्ञहरुले आफू मातहतका प्राविधिज्ञहरुलाई समय समयमा सीप प्रदर्शन गरी देखाउनु पर्ने भएको हुनाले निजहरु पूर्ण रुपमा हाते सीपमा समेत निपूर्ण हुनेछन् ।

(२) उपविनियम (१) मा उल्लेखित सीप वर्गीकरणको तहमा परीक्षण समितिले प्राविधिक उपसमितिको सल्लाह लिई आवश्यकतानुसारका तहहरु थप गर्न सक्नेछन् ।

४. **राष्ट्रिय सीप प्रमाणीका तयार गर्नु पर्ने:** (१) विनियम ३ बमोजिम वर्गीकृत सीप स्तर अनुसार प्रत्येक पेशा, व्यवसाय वा सेवाको निम्ति चाहिने सीपको परीक्षण तथा प्रमाणीकरण गर्न परीक्षण समितिले राष्ट्रिय सीप प्रमाणीका तयार गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम राष्ट्रिय सीप प्रमाणीका तयार गर्दा परीक्षण समितिले प्राविधिक उपसमिति, प्राविधिक कार्य समूह र आवश्यकतानुसार सम्बन्धित सरकारी वा गैरसरकारी निकाय वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाका विदेशी वा विदेशी विशेषज्ञको परामर्श लिन सक्नेछ ।

## परिच्छेद -३

## प्राविधिक उपसमिति

५. **प्राविधिक उपसमितिको गठन:** (१) राष्ट्रिय सीप प्रमाणिका बमोजिम सीप परीक्षण तथा प्रमाणीकरण एवं तत्सम्बन्धी अन्य कार्य गर्न, गराउन परीक्षण समितिले आवश्यकतानुसार

परीक्षण गरिने सीपसँग सम्बन्धित विषयका विशेषज्ञहरुको प्राविधिक उपसमितिहरु गठन गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम गठित प्राविधिक उपसमितिहरुका कार्य अवधि परीक्षण समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) प्राविधिक उपसमितिको कार्य अवधि समाप्त नहुँदै परीक्षण समितिले प्राविधिक उपसमितिको सदस्यहरुमा आवश्यकतानुसार थपघट वा हेरफेर गर्न सक्नेछ ।

६. **प्राविधिक उपसमितिको काम, कर्तव्य र अधिकारः** (१) प्राविधिक उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सीपको दक्षता वर्गीकरण गर्ने, राष्ट्रिय सीप प्रमाणिका बनाउन र सीप परीक्षा संचालन तथा प्रमाणिकरण सम्बन्धी व्यवस्था गर्ने सम्बन्धमा परीक्षण समितिलाई आवश्यक प्राविधिक परामर्श प्रदान गर्ने ।

(ख) सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण गर्ने सन्दर्भमा सम्बन्धित क्षेत्रको वार्षिक कार्यक्रम तयार गरी अनुमोदनको लागि परीक्षण समिति समक्ष पेश गर्ने ।

(ग) परीक्षण समितिले तोकेको पेशा, व्यवसाय वा सेवामा सीपको वर्गीकरण अनुसार परीक्षण समितिबाट स्वीकृत ढाँचामा राष्ट्रिय सीप प्रमाणिकाको मसौदा तर्जुमा गरी स्वीकृतिको लागि परीक्षण समिति समक्ष पेश गर्ने ।

(घ) राष्ट्रिय सीप प्रमाणीका अनुरुप सीप परीक्षण परीक्षण परीक्षा संचालन सदस्य-सचिव मार्फत गर्ने गराउने ।

(ङ) राष्ट्रिय सीप प्रमाणीका बमोजिम सीप परीक्षण परीक्षाको मूल्यांकन गरी विश्लेषण र सुझाव सहित परीक्षाको नतिजा प्रकाशन गर्नको लागि परीक्षण समिति समक्ष सिफारिस गर्ने ।

(च) सीप परीक्षणमा सफलता प्राप्त गर्ने परीक्षार्थीहरुको सीपको स्तर अनुसार प्रमाणीकरण गर्न परीक्षण समितिमा सिफारिस गर्ने ।

(छ) सीप प्रमाणीका तयार गर्ने सन्दर्भमा आवश्यकता अनुसार प्राविधिक कार्य समूहहरु गठन गर्ने ।

(ज) सीप परीक्षण तथा प्रमाणीकरण गर्ने सम्बन्धमा अन्य आवश्यक कार्यहरु गर्ने ।

(२) प्राविधिक उपसमितिले सीप परीक्षण तथा प्रमाणीकरण गर्ने कार्य सम्पन्न गर्ने सम्बन्धमा विषय क्षेत्रसँग सम्बन्धित विशेषज्ञहरुसँग आवश्यकतानुसार सहयोग लिन सक्नेछ ।

(३) प्राविधिक उपसमितिले राष्ट्रिय सीप प्रमाणीकाको अधिनमा रही सीप परीक्षण तथा प्रमाणीकरण गर्दा आफ्नो कार्यविधिहरु आफैले निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद -४

## सीप परीक्षण तथा प्रमाणीकरण

७. **सीप परीक्षण तथा प्रमाणीकरण गर्न सिफारिस गर्ने:** प्राविधिक उपसमितिले राष्ट्रिय सीप प्रमाणीका बमोजिम कुनै परीक्षार्थीसँग विनियम ३ बमोजिम निर्धारित सीप वर्गीकरण अनुरुपको सीप, दक्षता वा कौशल भए नभएको कुराको परीक्षण गरी निजको सीपको स्तरलाई प्रमाणीकरण गर्न परीक्षण समिति समक्ष सिफारिस गर्नेछ ।

८. **परीक्षण तथा प्रमाणीकरणको लागि दरखास्त दिनु पर्ने:** (१) सीप, दक्षता वा कौशलको परीक्षण गराई आफ्नो सीपको स्तर प्रमाणीकरण गराउन चाहने परीक्षार्थीले परीक्षण समितिले निर्धारण गरेको कार्य तालिका अनुसार सो समितिले तोकिदिएको विवरण तथा शुल्क समेत संलग्न राखी अनुसूची -१ बमोजिमको ढाँचामा सदस्य-सचिव समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै औद्योगिक प्रतिष्ठान, संगठित संस्था वा तालिम केन्द्रले सम्पूर्ण वा आंशिक खर्च व्यहोर्ने गरी प्राविधिज्ञहरुको सीप परीक्ष ाण तथा प्रमाणीकरण गरी दिन लिखित रुपमा अनुरोध गरेमा परीक्षण समितिले प्राविधिक उपसमितिबाट त्यस्ता प्राविधिज्ञहरुको सीपको परीक्षण गरी निजहरुको सीपको स्तरलाई प्रमाणीकरण गर्न सक्नेछ ।

(३) उपविनियम (२) बमोजिम कुनै औद्योगिक प्रतिष्ठान, संगठित संस्था वा तालिम केन्द्रको अनुरोधमा परीक्षण समितिले सीप परीक्षण तथा प्रमाणीकरण गर्ने व्यवस्था गर्नु अघि त्यस्तो औद्योगिक प्रतिष्ठान, संगठित संस्था वा तालिम केन्द्रसँग अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

९. **परीक्षार्थीको योग्यता तोक्ने:** (१) विनियम (३) बमोजिम निर्धारित सीप वर्गीकरण अनुरुपको तह अनुसार कुनै परीक्षार्थीको सीप, दक्षता वा कौशलको परीक्षण तथा प्रमाणीकरण गर्नको लागि चाहिने योग्यता (अनुभव, तालिम वा शैक्षिक योग्यता) परीक्षण समितिले तोके बमोजिम हुनेछ ।

(२) उपविनियम (१) बमोजिम परीक्षण समितिले परीक्षार्थीको योग्यता तोक्दा सम्बन्धित प्राविधिक उपसमितिको परामर्श लिनु पर्नेछ ।

१०. **दरखास्त स्वीकृत हुनुपर्ने:** (१) सीप परीक्षण तथा प्रमाणीकरणको लागि विनियम ८ को उपविनियम (१) बमोजिम परेको दरखास्त उपविनियम (२) बमोजिम स्वीकृत नभएसम्म कुनै पनि परीक्षार्थी परीक्षामा सम्मिलित हुन सक्ने छैन ।

(२) सीप परीक्षण तथा प्रमाणीकरणको लागि दरखास्त दिने परीक्षार्थीहरुको परीक्षाको लागि सीपको स्तरको उपयुक्तता अध्ययन गर्न परीक्षण समितिले आवश्यकता अनुसार विशेषज्ञहरुद्वारा छानवीन (स्क्रिनिङ्ग टेष्ट) गराई उपयुक्त देखेका परीक्षार्थीहरुको दरखास्त स्वीकृत गर्नेछ । यसरी विशेषज्ञहरुद्वारा गरिने छानवीन मौखिक वा लिखित वा प्रयोगात्मक मध्ये कम्तिमा एक पद्धति अपनाई गरिनेछ ।

(३) परीक्षण समितिले परीक्षार्थीको दरखास्त स्वीकृत गर्ने सन्दर्भमा उपविनियम (२) बमोजिम छानवीन गर्नु अगावै त्यस्तो परीक्षार्थीको सम्बन्धमा विनियम ९ बमोजिम तोकिएको योग्यता पुगे नपुगेको र यस विनियमावली बमोजिम दरखास्त साथ संलग्न हुनु

पर्ने विवरणहरु संलग्न भए नभएको समेत जाँच बुझ गरी उपयुक्त देखिएका परीक्षार्थीहरुको मात्र छानवीन गर्ने कार्य गर्नु पर्नेछ ।

११. **प्रश्नपत्र तयार गर्ने:** (१) सदस्य-सचिवले सीपको परीक्षण गर्नको लागि आवश्यक प्रश्नपत्रहरु सम्बन्धित विषयका विशेषज्ञहरुबाट तयार गर्न लगाउनेछ ।

(२) सीपको परीक्षण गर्नको लागि प्रश्नपत्रहरु तयार गर्ने विशेषज्ञले देहायका कुराहरुमा आधारित भई प्रश्नपत्र तयार गर्नुपर्नेछ :-

(क) प्रयोगात्मक वा सैद्धान्तिक प्रश्नपत्र तयार गर्दा राष्ट्रिय सीप प्रमाणीकालाई आधार मानी सोही अनुरुप प्रश्नपत्र तयार गर्ने ।

(ख) सैद्धान्तिक प्रश्नपत्र तयार गरेको भए सो प्रश्नहरुको उत्तर सूची समेत तयार गरी प्रश्नपत्रसाथ संलग्न राख्ने ।

(ग) प्रश्नपत्रको ड्र‌ईङ्ग र सोको विस्तृत परीक्षण बूँदाहरु (टेष्ट इलिमेन्ट) स्तरीय बूँदाहरु (टलोरेन्स) स्पष्ट उल्लेख गरी प्रश्नपत्र तयार गर्ने ।

(३) उपविनियम (२) बमोजिम प्रश्नपत्र तयार गर्ने विशेषज्ञले सदस्य-सचिवले तोकेको म्यादभित्र प्रश्नपत्र तयार गरी सिलबन्दी खाममा राखी सदस्य-सचिवलाई बुझाउनु पर्नेछ ।

१२. **प्रश्नपत्र परिमार्जन गर्ने:** (१) विनियम ११ को उपविनियम (३) बमोजिम प्रश्नपत्र प्राप्त हुन आएपछि सदस्य-सचिवले आवश्यक देखेमा त्यस्तो प्रश्नपत्र सम्बन्धित विशेषज्ञबाट परिमार्जन गर्न लगाउन सक्नेछ ।

(२) प्रश्नपत्र परिमार्जन गर्ने विशेषज्ञले राष्ट्रिय सीप प्रमाणीकामा आधारित भई प्रश्नपत्रको परिमार्जन गरी सिलबन्दी खाममा राखी सदस्य-सचिवले तोकेको म्यादभित्र सदस्य-सचिवलाई बुझाउनु पर्नेछ ।

१३. **परीक्षा केन्द्र र परीक्षा सम्बन्धी पदाधिकारीहरुको व्यवस्था:** सदस्य-सचिवले सीप परीक्षण परीक्षा संचालन कार्य सम्पन्न गर्न आवश्यकतानुसार परीक्षा केन्द्रहरु तोकी परीक्षा निष्पक्ष एवं स्तरयुक्त ढंगबाट संचालन गर्न आवश्यक कर्मचारीलाई तोक्न सक्नेछ ।

१४. **परीक्षाध्यक्षको काम, कर्तव्य र अधिकार:** परीक्षाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परीक्षा नियमित ढंगबाट संचालन गर्ने, गराउने ।

(ख) परीक्षा अवधिभर कुनै पनि किसिमको अनियमितता वा अनुशासन भंग हुने कार्य हुन नदिने र कुनै परीक्षार्थीबाट त्यस्तो कुनै कार्य हुन गएमा त्यस्तो परीक्षार्थीलाई चेतावनी दिने वा परीक्षाबाट बढीमा दुई वर्षको लागि निष्काशन गर्ने ।

(ग) प्रयोगात्मक परीक्षाको माध्यम वा अन्य कुनै अनुकूल समयमा परीक्षार्थीको जलपानको निमित्त उचित समयको व्यवस्था गर्ने ।

(घ) परीक्षा कार्यक्रम अनुसार प्रत्येक समूहको परीक्षा समाप्त भएपछि मूल्याङ्कन फाराम तथा सोसँग सम्बन्धित सम्पूर्ण कागजातहरु दुरुस्त छ छैन जाँची सदस्य-सचिव समक्ष पठाउने ।

१५. **परीक्षा मूल्यांकनकर्ताको काम, कर्तव्य र अधिकार:** परीक्षा मूल्यांकनकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परीक्षा संचालन हुनु भन्दा १५ मिनेट अगावै परीक्षा केन्द्रमा उपस्थित हुनुपर्ने ।

(ख) परीक्षा संचालन भएपछि शुरुदेखि अन्तसम्म निरन्तर रुपमा परीक्षार्थीहरुबाट प्रदर्शित तौर तरीका र कार्यहरुको मूल्यांकन गर्नुपर्ने ।

(ग) परीक्षा समाप्त भएको दिनमा नै परीक्षार्थीको मूल्यांकन गर्ने कार्य समाप्त गर्नुपर्ने ।

(घ) परीक्षणबाट उत्पादित सामग्रीहरुको विक्रि मूल्यको निर्धारण गर्ने ।

१६. **परीक्षा निरीक्षकको काम, कर्तव्य र अधिकार:** परीक्षा निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रत्येक परीक्षार्थीहरुको पंजीकरण, सीप क्रमांक संख्या, नाम दर्ता, सीप स्तर तह, मिति आदि समेत उल्लेख गरी परीक्षा केन्द्रको हाजिरी फाराममा परीक्षार्थीहरुको हाजिरी गराई हाजिरको अभिलेख राख्ने ।

(ख) प्रत्येक परीक्षार्थीलाई छुट्टै मूल्यांकन फाराम तथा पेशा, व्यवसाय वा सेवा अनुसारको प्रश्नपत्र, प्राविधिक ड्रईङ्गको प्रश्नपत्र वा सैद्धान्तिक प्रश्नपत्र वितरण गर्ने र मूल्यांकन फारामको प्रत्येक पानामा प्रष्टसँग मूल्यांकनकर्ताको नाम लेखी मूल्यांकनकर्तालाई आवश्यक सहयोग गर्ने ।

(ग) परीक्षाको आवश्यकतानुसार परीक्षार्थीहरुलाई ज्यावल, सरसामान मेशिनरी तथा उपकरणहरु उपलब्ध गराउने ।

(घ) मूल्यांकनकर्तालाई अन्य आवश्यक सहयोग पुऱ्याउने ।

१७. **परीक्षा सुपरिवेक्षकको काम, कर्तव्य र अधिकार:** परीक्षा सुपरिवेक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वाह्य परीक्षा निरीक्षकको रुपमा काम गर्ने ।

(ख) परीक्षा संचालन हुनुभन्दा ३० मिनेट अघि परीक्षा केन्द्रमा उपस्थित हुने ।

(ग) परीक्षाध्यक्षको निकट रही परीक्षा सम्बन्धी कामको सुपरिवेक्षण गर्ने ।

(घ) परीक्षा संचालन समयानुसार भए नभएको हेर्ने ।

(ङ) स्तर अनुरुप निष्पक्ष रुपमा परीक्षा व्यवस्थापन, संचालन र मूल्यांकन भए नभएको सुपरिवेक्षण गरी सदस्य-सचिव समक्ष प्रतिवेदन पेश गर्ने ।

१८. **परीक्षा सहायकको काम, कर्तव्य र अधिकार:** परीक्षा सहायकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परीक्षा संचालन हुनु अगावै सम्बन्धित परीक्षा निरीक्षकबाट प्राप्त विवरण अनुसार परीक्षासँग सम्बन्धित सामानहरु तयार गर्ने ।

(ख) परीक्षा संचालन हुनु अगावै परीक्षा केन्द्रमा आवश्यक सामानहरु लाग्ने परीक्षा पश्चात सो सामानहरु स्टोर दाखिला गर्ने ।

(ग) परीक्षा संचालन भएदेखि अन्तसम्म खर्च भएका र खर्च नभएका सामानहरुको विवरण तयार गरी स्टोर दाखिला गर्ने ।

(घ) परीक्षामा परीक्षार्थीले प्रयोगको निम्ति लिएको वा प्रयोग गरेको सम्पूर्ण सामान, उपकरण तथा ज्यावलहरुको अभिलेख तयार गरी सोही अभिलेखमा उल्लेखित सामान, उपकरण तथा ज्यावलहरु परीक्षा समाप्त भएपछि परीक्षार्थीहरुबाट बुझी लिने र परीक्षाको सिलसिलामा प्रयोग गर्दा नष्ट भएका वा बिग्रेका सामानहरुको पूरा विवरण तयार गरी आवश्यक कारबाहीको लागि परीक्षाध्यक्ष समक्ष पेश गर्ने ।

१९. **परीक्षार्थीले पालन गर्नु पर्ने शर्त:** परीक्षा अवधिमा परीक्षार्थीले देहायका शर्तहरु पालन गर्नु पर्नेछ:-

(क) परीक्षामा सम्मिलित हुने प्रत्येक परीक्षार्थीले प्रवेशपत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ । परीक्षाध्यक्षले प्रत्येक परीक्षार्थीलाई अनुसूची -३ मा उल्लेख भए बमोजिमको ढाँचामा प्रवेशपत्र उपलब्ध गराउनेछ । यसरी उपलब्ध गराइने प्रवेशपत्रमा परीक्षार्थीले परीक्षा केन्द्रमा पालन गर्नु पर्ने शर्तहरु स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।

(ख) प्रयोगात्मक परीक्षामा सम्मिलित हुँदा परीक्षार्थीहरुले सुरक्षाका नियमहरु पूर्ण रुपमा पालन गर्नु पर्नेछ । परीक्षण सामाग्री, औजार एवं उपकरणको सुरक्षामा ध्यान दिनुका अतिरिक्त आफू र अरुको सुरक्षातर्फ समेत परीक्षार्थीले ध्यान दिनु पर्नेछ ।

२०. **परीक्षार्थी मूल्यांकन विधि:** (१) कुनै पनि परीक्षामा सम्बन्धित पेशा, व्यवसाय वा सेवाको परीक्षण मूल्यांकन गर्दा राष्ट्रिय सीप प्रमाणीकाको आधारमा परीक्षार्थीको स्तर पुगे नपुगेको कुराको मूल्यांकन गरिनेछ ।

(२) कुनै पनि पेशा, व्यवसाय वा सेवाको कुनै पनि तहका सीपको प्रमाणीकरण गर्न सो तहको लागि तोकिएको प्रयोगात्मक वा सैद्धान्तिक वा दुबै पक्षको सीपको स्तर पुगेको हुनु पर्नेछ ।

(३) कुनै पनि परीक्षार्थीले सीप परीक्षण परीक्षामा उत्तीर्ण हुनको लागि सीप तहको परीक्षामा राखिएको बुँदा अनुसार प्रयोगात्मक परीक्षामा अनिवार्य रुपले सफल हुनु पर्नेछ ।

(४) सैद्धान्तिक पक्षको परीक्षामा सफल हुनको लागि परीक्षार्थीले कम्तिमा ६० प्रतिशत अंक प्राप्त गर्नु पर्नेछ ।

(५) प्रयोगात्मक वा सैद्धान्तिक परीक्षामा स्तर नपुगी अनुत्तीर्ण भएका परीक्षार्थीले अनुत्तीर्ण भएका विषयमा मात्र पुनः परीक्षा दिन सक्नेछ । यस्तो परीक्षा दुई वर्षभित्र पूरा

गरी सक्नु पर्नेछ । दुई वर्षभित्र पूरा गर्न नसक्ने परीक्षार्थीले पुनः सबै विषयमा परीक्षा दिनु पर्नेछ ।

२१. **सीप स्तर प्रमाणीकरण:** (१) सम्बन्धित पेशा, व्यवसाय वा सेवाको कुनै कार्य सम्बन्धमा निर्धारित पूर्वावश्यकता पूरा गरी तत्सम्बन्धी राष्ट्रिय सीप प्रमाणीका अनुसार सीप परीक्षणमा सफलता प्राप्त गर्ने परीक्षार्थीहरुको सीप स्तरको प्रमाणीकरण विनियम ३ को सीप वर्गीकरण बमोजिम गरिनेछ ।

(२) सीप स्तर सम्बन्धी प्रमाणीकरण अनुसूची -४ मा उल्लेख भए अनुसारको प्रमाणपत्रद्वारा गरिनेछ ।

(३) परीक्षाफल प्रकाशित भएको मितिले एक महिना पछि मात्र परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीहरुले प्राप्त गरेको सीप स्तर प्रमाणीकरण गर्ने देहायका प्रमाणपत्रलाई देहाय बमोजिमको मान्यता प्राप्त हुनेछः-

**देहायका पदको न्यूनतम शैक्षिक योग्यता**

सीप तह

| | |
|---|---|
| (क) सीप तह एक | तह व्यवस्था भएकोमा तेस्रो तह (प्रा.) (रा.प. अं.तृ. (प्रा.) |
| (ख) सीप तह दुई | तह व्यवस्था भएकोमा चौथो तह (प्रा.)रा.प. अं.द्वि (प्रा.) वा |
| (ग) सीप तह तीन | रा.प.अं.प्र.(प्रा.) वा तह व्यवस्था भएकोमा पाचौं तह (प्रा.) |
| (घ) सीप तह चार | रा.प.तृ. (प्रा.) वा तह व्यवस्था भएकोमा छैठौं त (प्रा.) |

## परिच्छेद -५

## विविध

२२. **सीप परीक्षण कोष:** (१) सीप वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्नको लागि परिषद् कार्यालयले छुट्टै रुपमा सीप परीक्षण कोष खडा गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम खडा गरिएको सीप परीक्षण कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) दरखास्त फाराम बिक्रीबाट प्राप्त भएको रकम ।

(ख) परीक्षा शुल्क बापत प्राप्त भएको रकम ।

(ग) परीक्षणको सिलसिलामा उत्पादित भएको वस्तु बिक्री गर्दा प्राप्त भएको रकम ।

(घ) परामर्श सेवा प्रदान गरी प्राप्त भएको रकम ।

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त भएको रकम ।

(३) उपविनियम (१) बमोजिमको कोषको खाताको संचालन कार्यकारी निर्देशकले तोकिदिएका परिषद्का कार्यालयका पदाधिकारीहरुबाट हुनेछ ।

(४) उपविनियम (३) बमोजिम कार्यकारी निर्देशकले तोकिदिएका पदाधिकारीहरुले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०४९ को अधिनमा रही सीप परीक्षण कोषको संचालन गर्नेछन् ।

२३. **भत्ता सम्बन्धी व्यवस्था:** (१) प्राविधिक उपसमितिका सदस्यहरुले प्राविधिक उपसमितिको बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०४९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) सीप परीक्षणको लागि प्रश्नपत्र तयार गर्ने एवं प्रश्नपत्र परिमार्जन गर्ने विशेषज्ञ र सीप परीक्षण परीक्षा संचालन गर्ने कार्यमा संलग्न कर्मचारीहरुले प्राप्त गर्ने पारिश्रमिक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०४९ मा उल्लेख भए बमोजिम हुनेछ ।

२४. **प्रतिवेदन पेश गर्नु पर्ने:** (१) सीप परीक्षण तथा प्रमाणीकरण गर्ने कार्यको प्रगति सम्बन्धमा सदस्य-सचिवले वार्षिक प्रगति प्रतिवेदन तयार गरी परीक्षण समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम प्राप्त भएको वार्षिक प्रगति प्रतिवेदन परिषद् समक्ष पेश गर्न परीक्षण समितिले त्यस्तो प्रतिवेदन परिषद् कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

२५. **अधिकार प्रत्यायोजन:** यस विनियमावली बमोजिम प्राविधिक उप-समिति र सदस्य सचिवले आफूले प्राप्त गरेको अधिकारहरु मध्ये सबै वा केही अधिकार कुनै उप-समिति वा पदाधिकारीलाई सुम्पन सक्नेछ ।

२६. **अनुसूचीमा हेरफेर:** परीक्षण समितिले आवश्यकतानुसार समय समयमा अनुसूचीहरुमा संशोधन वा हेरफेर गर्न सक्नेछ ।

२७. **निर्देशिका बनाई लागू गर्ने:** सीप परीक्षण परीक्षा संचालन गर्ने सम्बन्धमा परीक्षण समितिले आवश्यकतानुसार परीक्षा सम्बन्धी निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

२८. **सचिवालयको काम गर्ने:** परिषद् कार्यालयको सीप परीक्षण महाशाखाले अर्को व्यवस्था नभएसम्मको लागि परीक्षण समितिको सचिवालयको रुपमा काम गर्नेछ ।

२९. **खारेजी र बचाऊ:** (१) सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण विनियम, २०४८ खारेज गरिएको छ ।

(२) सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण विनियम, २०४८ अन्तर्गत भए गरेका सम्पूर्ण काम कारवाहीहरु यसै विनियमावली अन्तर्गत भए गरेको मानिनेछ ।

| सीप परीक्षण महाशाखाले भर्ने: |
|---|
| पंजीकरण सख्या: |
| पंजीकरण मिति: |
| सीप क्रमाङ्क: |

# अनुसूची-१

(विनियम ८(१) सँग सम्बन्धित)

## दरखास्त फारामको नमूना

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## राष्ट्रिय सीप परीक्षण समिति

फोटो

## सीप परीक्षणका लागि दरखास्त फाराम

श्रीमान् सदस्य सचिवज्यू,

त्यस समितिबाट २०४......साल ...................(इस्वी संवत् १९................) महीनामा हुने सीप परीक्षामा संलग्न हुन पाउँ भनी आफ्नो विवरण सहित निवेदन गर्न आएको छु। परीक्षामा सम्मिलित गरिपाउँ।

मिति: २०४ । । ।

..................

निवेदक

व्यवसाय [ ] तह | १ | २ | ३ | ४ | केन्द्र [ ]

## परीक्षार्थीको विवरण

१. परीक्षार्थीको पूरा नाम थर:

देवनागरीमा:- | | | | | | | | | | | | | |

अंग्रेजी (ठूलो अक्षर) मा:- | | | | | | | | | | | | | |

२. ठेगाना:-

स्थायी ........ टोल/गाउँ ....... गा.वि.स./न.पा. वडा नं. .... जिल्ला ........ अञ्चल

अस्थायी........ टोल/गाउँ ....... गा.वि.स./न.पा. वडा नं. .... जिल्ला ........ अञ्चल

३. जन्म मिति: [ ] साल [ ] महिना [ ] गते

४. बाबुको नाम र ठेगाना: ...........................................................................

५. हाल काम दिने संस्थाको नाम ...........................................................................

६. सम्बन्धित व्यवसायमा काम गरेको जम्मा समय ......... वर्ष ............... महिना

७. पहिला सीप परीक्षा दिएको छ ☐ छैन ☐

भए पंजिकरण संख्या ....... तह | १ | २ | ३ | ४ |

सीप क्रमाङ्क .............. परीक्षा मिति ....... साल ............ महिना ....... गते

व्यवसाय .................. केन्द्रः- ........................

८. कार्य अनुभवको विवरणः-

| काम गरेको संस्थाको नाम ठेगाना | अनुभव भएको व्यवसाय | काम गरेको मिति | | प्रमाणित गर्ने अधिकृतको सही र छाप |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

९. तालिमको विवरणः-

| तालिम दिने संस्थाको नाम | तालिम लिएको विषय | तालिम समय | | प्रमाणित गर्ने अधिकृतको सही र छाप |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

माथिका सबै विवरण ठीक साँचो हो, झुठा भएमा नियम बमोजिम सहुँला बुझाउँला ।

मितिः- ................ निवेदक

.........................

नोटः- (१) दरखास्त फाराम बुझाउँदा फाराममा टाँसे बाहेक २ प्रति अटो साईजको फोटो संलग्न गरिनु पर्छ ।

(२) दरखास्त फाराम बुझाउँदा परीक्षा दस्तुर रु. ५०।- बुझाउनु पर्नेछ ।

# सीप परीक्षण महाशाखाको प्रयोजनको लागि

१. परीक्षार्थीको नामः ........................................... नागरिकता ☐ छ ☐ छैन

२. बाबुको नामः ..................................................

३. ठेगाना ........... गाउँ/टोल .......... गा.वि.स./न.पा. वडा नं. ... जिल्ला ... अञ्चल

४. जन्म मिति ☐ साल ☐ महिना ☐ गते उमेर ☐ वर्ष

५. सीप परीक्षण विषय ...................... तह ☐ १ ☐ २ ☐ ३ ☐ ४

६. अनुभव ........... वर्ष ........... महिना । प्रमाणपत्र छ ☐ छैन ☐

७. तालिम ........... वर्ष ........... महिना । प्रमाणपत्र छ ☐ छैन ☐

८. फोटो टाँसेको र संलग्न गरेको छ ☐ छैन ☐

९. शुल्क रु. ................ ।- प्राप्त भयो ।

परीक्षा दिने योग्यता पुगेको/नपुगेकोले दरखास्त फाराम स्वीकृति/अस्वीकृतिका लागि सिफारिस गर्दछु ।

सीप परीक्षण अधिकृत

.................... केन्द्र

फाराम स्वीकृत/अस्वीकृत हुन उपयुक्त ठानी पेश गर्दछु ।

स्वीकृत/अस्वीकृत

परीक्षाध्यक्ष

............. केन्द्र

सदस्य-सचिव

राष्ट्रिय सीप परीक्षण समिति

## परीक्षा शाखाको प्रयोजनको लागि

१. पंजीकरण संख्या:-

२. सीप क्रमाङ्क:-

३. परीक्षा केन्द्र:-

परीक्षा मिति:- [ ] साल [ ] महिना [ ] गते

शाखा प्रमुख

---

## रेकर्ड शाखाको प्रयोजनका लागि

उत्तीर्ण [ ] अनुत्तीर्ण [ ]

.................. प्राविधिक अधिकृत

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
## राष्ट्रिय सीप परीक्षण समिति

**प्रवेशपत्र**

| फोटो |
|---|

परीक्षार्थीको पूरा नाम थर:- ......................................................................

परीक्षा दिने विषय:- .............................. तह [ १ ] [ २ ] [ ३ ] [ ४ ]

सीप परीक्षण क्रमाङ्क:- ......................................

पंजीकरण संख्या:- ..........................................

परीक्षा मिति:- ..............................................

परीक्षा केन्द्र:- ..............................................

सदस्य-सचिव
राष्ट्रिय सीप परीक्षण समिति

---


# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
## राष्ट्रिय सीप परीक्षण समिति

**प्रवेशपत्र**

| फोटो |
|---|

परीक्षार्थीको पूरा नाम थर:- ......................................................................

परीक्षा दिने विषय:- .............................. तह [ १ ] [ २ ] [ ३ ] [ ४ ]

सीप परीक्षण क्रमाङ्क:- ......................................

पंजीकरण संख्या:- ..........................................

परीक्षा मिति:- ..............................................

परीक्षा केन्द्र:- ..............................................

सदस्य-सचिव
राष्ट्रिय सीप परीक्षण समिति

## परीक्षा सम्बन्धी निर्देशन

१. प्रवेशपत्र विना सीप परीक्षण केन्द्रको परीक्षण स्थलमा प्रवेश गर्न दिइने छैन । सक्कल प्रवेशपत्र हराएमा अर्को (नक्कल) प्रवेश पत्र लिन रु. १०।- र पासपोर्ट साइजको फोटो एक प्रति सहित निवेदन दिनु पर्नेछ ।

२. सीप परीक्षण परीक्षा शुरु हुने निर्धारित समयभित्र परीक्षण स्थलमा पुगी सम्बन्धित परीक्षाध्यक्षलाई सूचना गर्नुपर्छ । निर्धारित समय भन्दा ३० मिनेट अवेर पुग्ने र परीक्षाध्यक्षको निर्देशन पालन नगर्ने परीक्षार्थीलाई परीक्षामा बस्न दिइनेछैन । सीप परीक्षण परीक्षा शुरु भएको ३० मिनेट नभई परीक्षण स्थलबाट बाहिर जान र विना अनुमति एक पटक बाहिर गई सकेपछि भित्र आउन दिइने छैन ।

३. परीक्षार्थीले आफ्नो परीक्षाको सिलसिलामा प्रयोग हुने मेशीनरी, औजार, ज्यावल र परीक्षा सामाग्रीको पूरा हिफाजत गर्नुपर्नेछ र जानाजान मेशीनरी, औजार ज्यावल र अन्य सामाग्री हानी नोक्सानी पुऱ्याएमा हर्जाना तिर्नु पर्नेछ । एक पटक दिइएको परीक्षण सामाग्री (पिस) टुटाए फुटाए वा घटाएमा दोश्रो पटक दिइने छैन ।

४. प्रत्येक परीक्षार्थीले सुरक्षा नियम पूर्ण रुपले पालना गर्नु पर्नेछ र आफू र अरुलाई चोटपटक पुऱ्याउनु हुँदैन । सुरक्षा नियम पालन नगर्ने र अनुचित व्यवहार र असंयम आचरण गर्ने परीक्षार्थीलाई परीक्षाबाट निष्काशन गर्न सकिनेछ । यस सम्बन्धमा सीप परीक्षण परीक्षाध्यक्षको निर्णय अन्तिम हुनेछ ।

५. परीक्षा सम्बन्धमा परीक्षाध्यक्षले दिएको निर्देशन वा आदेश पूर्ण पालन गर्नुपर्नेछ ।

६. परीक्षार्थी परीक्षा भएको बखत वा अवधिमा दुर्घटना भएमा सीप परीक्षण महाशाखा जिम्मेवार हुने छैन ।

अनुसूची - २

(विनियम ८ (३) सँग सम्बन्धित)

## सम्झौता पत्रको ढाँचा

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## सीप परीक्षण महाशाखा

सीप परीक्षण महाशाखा तथा ..................................................बीच भएको सम्झौता पत्र

यो सम्झौता सीप परीक्षण महाशाखा (यसपछि "महाशाखा" भनिएको) र ........................ (यसपछि "...................") भनिएको बीच भएको मानिनेछ । राष्ट्रिय सीप परीक्षण समितिले स्वीकृत गरेको सीप प्रमाणीका (जब स्पेसिफिकेशन) बमोजिम सीप परीक्षा संचालन गर्दै आएको छ । यस सम्बन्धमा राष्ट्रिय सीप परीक्षण समितिको अनुरोधमा सीप परीक्षा संचालन गर्न ............सँग निम्न लिखित शर्तमा ..................................को कार्यशाला, उपकरण तथा औजार उपलब्ध गराइने छ ।

१. यस्तो सीप परीक्षण ...................... को नियमित कार्यमा वाधा नपुग्ने गरी संचालन गरिने छ । परीक्षाको समय तालिका राष्ट्रिय सीप परीक्षण समिति तथा ................. बीच छलफल गरी तय गरिनेछ ।

२. ................................ ले कार्यशाला, उपकरण नि:शुल्क रुपमा उपलब्ध गराउनेछ ।

३. आवश्यक सामाग्रीहरु महाशाखाले उपलब्ध गराउने छ । यदि आवश्यक सरसामानको ............................... ले उपलब्ध गराएमा पेश गरेका विल बमोजिम महाशाखाले भुक्तानी दिनेछ ।

४. महाशाखाले ................................ को कर्मचारी तथा विज्ञलाई आवश्यकतानुसार काममा लगाउन सक्नेछ र भत्ता राष्ट्रिय सीप परीक्षण समितिको निर्णय बमोजिम भुक्तानी गरिनेछ ।

५. यदि यस सम्झौता प्रति विवाद भएमा महाशाखा र .............................. ले आपसी छलफलद्वारा सुल्झाउने छन् ।

६. दुबै पक्षबाट हस्ताक्षर भएपछि यो सम्झौता तुरुन्त कार्यान्वयन हुनेछ ।

७. यो सम्झौता ३ महिनाको सूचना दिई कुनै पक्षबाट रद्द गर्न सकिनेछ ।

| महाशाखाको तर्फबाट: | .......................... को तर्फबाट |
|---|---|
| हस्ताक्षर:- | हस्ताक्षर:- |
| नाम:- | नाम:- |
| पद:- | पद:- |
| मिति:- | मिति:- |

अनुसूची -३

(विनियम १९ (क) सँग सम्बन्धित)

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
# राष्ट्रिय सीप परीक्षण समिति

प्रवेशपत्र

फोटो

परीक्षार्थीको पूरा नाम थरः- ..........................................................................

परीक्षा दिने विषयः- ................................ तह [ १ ] [ २ ] [ ३ ] [ ४ ]

सीप परीक्षण क्रमाङ्कः- ......................................

पंजीकरण संख्याः- ...........................................

परीक्षा मितिः- ................................................

परीक्षा केन्द्रः- .................................................

सदस्य-सचिव

राष्ट्रिय सीप परीक्षण समिति

## परीक्षा सम्बन्धी निर्देशन

१. प्रवेशपत्र विना सीप परीक्षण केन्द्रको परीक्षण स्थलमा प्रवेश गर्न दिइने छैन । सक्कल प्रवेशपत्र हराएमा अर्को (नक्कल) प्रवेश पत्र लिन रु. १०।- र पासपोर्ट साइजको फोटो एक प्रति सहित निवेदन दिनु पर्नेछ ।

२. सीप परीक्षण परीक्षा शुरु हुने निर्धारित समयभित्र परीक्षण स्थलमा पुगी सम्बन्धित परीक्षाध्यक्षलाई सूचना गर्नुपर्छ । निर्धारित समय भन्दा ३० मिनेट अवेर पुग्ने र परीक्षाध्यक्षको निर्देशन पालन नगर्ने परीक्षार्थीलाई परीक्षामा बस्न दिइनेछैन । सीप परीक्षण परीक्षा शुरु भएको ३० मिनेट नभई परीक्षण स्थलबाट बाहिर जान र विना अनुमति एक पटक बाहिर गई सकेपछि भित्र आउन दिइने छैन ।

३. परीक्षार्थीले आफ्नो परीक्षाको सिलसिलामा प्रयोग हुने मेशीनरी, औजार, ज्यावल र परीक्षा सामाग्रीको पूरा हिफाजत गर्नुपर्नेछ र जानाजान मेशीनरी, औजार ज्यावल र अन्य सामाग्री हानी नोक्सानी पुऱ्याएमा हर्जाना तिर्नु पर्नेछ । एक पटक दिइएको परीक्षण सामाग्री (पिस) टुटाए फुटाए वा घटाएमा दोश्रो पटक दिइने छैन ।

४. प्रत्येक परीक्षार्थीले सुरक्षा नियम पूर्ण रुपले पालना गर्नु पर्नेछ र आफू र अरुलाई चोटपटक पुऱ्याउनु हुँदैन । सुरक्षा नियम पालन नगर्ने र अनुचित व्यवहार र असंयम आचारण गर्ने परीक्षार्थीलाई परीक्षाबाट निष्काशन गर्न सकिनेछ । यस सम्बन्धमा सीप परीक्षण परीक्षाध्यक्षको निर्णय अन्तिम हुनेछ ।

५. परीक्षा सम्बन्धमा परीक्षाध्यक्षले दिएको निर्देशन वा आदेश पूर्ण पालन गर्नुपर्नेछ ।

६. परीक्षार्थी परीक्षा भएको बखत वा अवधिमा दुर्घटना भएमा सीप परीक्षण महाशाखा जिम्मेवार हुने छैन ।

अनुसूची-४

(विनियम २१ (२) सँग सम्बन्धित)

प्रमाणपत्रको ढाँचा

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्

राष्ट्रिय सीप परीक्षण समिति

राष्ट्रिय सीप प्रमाणपत्र

फोटो

क्रमसंख्या:- .........................

पंजीकरण संख्या:- ....................

सीप क्रमाङ्क :- .......................

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति नेपालद्वारा निर्धारित राष्ट्रिय व्यावसायिक सीप प्रमाणीका अनुसार मिति .................... मा ................ ........................... केन्द्रमा मनोनित .................................................................. व्यवसायको ........................................... वटाको सीप परीक्षामा सम्मिलित भई उत्तीर्ण भएका श्री ....................................... का छोरा/छोरी ............................................ निवासी .......................... जन्मेका .......................................... ले निर्धारित सीप तथा ज्ञानको स्तर प्रदर्शन गर्नु भएकाले यो प्रमाणपत्र प्रदान गरिएको छ।

This is to certify that Mr./Mrs./Miss. ………………………….. born on …….. son/doghter of ……………… and resident of …………….. has successfully passed ………….. It also skill test conducted on ……….. at ………… on accordance with the requirements of the national occupational skill standard for …………… level prescribed by the Council for Technical Education and Vocational Trading, National Skill Testing Board, Nepal. He/She demonstraled the required standard of proficiency on require the Certificate.

| | | |
|---|---|---|
| …………………… | ………………… | ………………….. |
| Co-ordinator | Member-Secretary | Chairman |

…… Techincal sub-committee

Date: ……………………., Kathmandu.